*सामाजिक न्याय र समुन्नतीको लागि भूमि अधिकार*

# राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

## मासिक प्रगति प्रतिवेदन

**मार्च २०२१**

**१. जग्गा प्राप्ती :** यो महिना जिल्ला भूमि अधिकार मञ्चहरुले मोही बाँडफाड र गाँउब्लक जग्गा दर्ता गर्न अभिलेख तयारी, नापजाँच र कित्ताकाट लगाएतका काममा सहजीकरण गरि सिराहा ६४१, उदयपुर ५३ गाँउब्लक जग्गा दर्ता भयो भने सोही अनुसार नै सर्लाहीमा १७ र सुर्खेतमा २ जना मोही किसानको जग्गा बाँडफाड भयो ।

**२. संगठन सबलीकरण :** यो महिना राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल र सामुदायिक आत्मनिर्भर सेवा केन्दको संयुक्त आयोजनामा ७ वटै प्रदेशका ३१ जिल्लाहरुका ३३ स्थानमा भूमि अधिकार मञ्चका अगुवाहरुको भेला सम्पन्न भयो । भेलामा भूमि सम्बन्धी ऐन, नियम र कार्यविधिको बारेमा; भूमि समस्या समाधान आयोगको गठन आदेश, नियमवली र कार्यविधि तथा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणिकरणको आधार र मापदण्डकोबारेमा अभिमुखिकरण गरियो । भेलामा भूमि समस्या समाधान आयोगका जिल्ला प्रतिनिधिहरुसंग अन्तक्रिया गर्नुका साथै आयोगको लगत संकलन प्रकृयालाई सहजीकरण गर्न जिल्ला मञ्चको परिचालन योजना तयार गरियो । भेलामा मञ्चका अगुवा, आयोगका जिल्ला पदाधिकारी र स्थानिय जनप्रतिनिधिहरु सहित १८९० जनाको सहभागिता रहेका थियो ।

**३. लगत संकलनमा सहजीकरण :** यो महिना मञ्चको सहजीकरणमा केन्द्रित अभियान गरिएको १४ जिल्लाहरुबाट २९५७२ भूमिहिन दलित, ११३७४ भूमिहिन सुकुम्बासी, ४७२२७ अव्यवस्थित बसोबासीहरुको लगत संकलन र २७४६ जनाको विगतका आयोगले गरेका अधुरका कामको लागि गरि कुल ९०९१९ जनाको निवेदन संकलनमा सहजीकरण भएको छ ।

**४. समन्वय बैठकहरु :**

- २५ मार्चमा स्वच्छ उर्जा नेपाल (Clean Energy Nepal)को आयोजनामा जलवायु परिवर्तनको असर न्यूनिकरणका लागि अनुकुलनका उपाय सम्बन्धी गण्डकी प्रदेश स्तरीय बहु सरोकारवाला सम्वाद सम्पन्न भयो । कार्यक्रममा प्रदेशको जलवायु परिवर्तको असरहरुको र अनुकुलनका प्रयासहरुबारे छलफल र संवाद भयो । पोखरा महानगरपलिका मेयर श्री मान बहादुर जी. सि., प्रदेश बन, वातावरण तथा पर्यटन मन्त्री श्री विकास लम्साल विशिष्ठ अतिथी र प्रदेश मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङ प्रमुख अतिथीमा आमन्त्रीत हुनुहुन्थ्यो ।
- यो महिना नेपाल सरकारको नीति अनुसन्धान प्रतिष्ठानले आयोजना गरेको कृषिमा बैदेशिक लगानी : अवसर र चुनौती बिषयक सम्वाद कार्यक्रम तथा दलित सरोकार मञ्च, सप्तरीले आयोजना गरेको भूमि, नागरिकता, जनगणना, बजेट र दलित सशक्तिकरण ऐन कार्यान्वयनका सवालमा दलित अगुवाहरुको प्रदेश स्तरीय भेलामा सहभागि भई हाल मञ्चले गरिरहेको अभ्यास र सुझाव आदान प्रदान सम्पन्न भयो । साथै विश्व ग्रामिण मञ्चको भर्चुअल साधारण सभामा सहभागि भइयो ।
- ३० मार्चमा राष्ट्रिय भूमि अधिकार मञ्चले अभियानको रुपमा काम गरेका १५ जिल्लाका कर्मचारीहरुको अभिमुखिकरण कार्यक्रम गरियो । सन् २०२१ को मुख्य लक्ष्यहरु, व्यवस्थापकिय र आर्थिक अभिलेखनमा ध्यान दिनुपर्ने कुराहरुका विषयमा ३ घण्टा छलफल भयो । जुमबाट भएको छलफलमा १८ जनाले भाग लिएका थिए । छलफलले यो बर्षको मुख्य लक्ष्य र अभिलेखनको ढाँचाको बारेमा प्रष्ट भएका थिए ।

केन्द्रीय कार्यालय, भरतपुर, म.न.पा–१ ठिमुरा चितवन/सचिवालय, धापासी–८, काठमाडौं,
फोन : ०१–६९१४५८६, इमेल : nlrfnepal@yahoo.com

**५. अनुगमन भ्रमणहरु :**

- मार्च १५ मा केयर नेपालको देशिय सहायक निर्देशक श्री मोना शेर्पा सहितको केन्द्रिय टिमले सिराहाको धनगढीमाई नगरपालिका वडा नं ६ मा सामुदायिक भूमि व्यवस्थापन अभ्यास अर्न्तगत भूमिहिन दलित परिवारले उपयोग गरेको पोखरी संरक्षण योजना र जीविकोपार्जनका लागि गरेको माछा र हाँस पालनको अनुगमन सम्पन भयो । अनुगमनमा योजनाको दिगोपनामा ध्यान दिने सुझाव प्राप्त भयो ।

**६. ऐक्यवद्धता :**

- ७ मार्चमा सुर्खेत जिल्लामा करिब १ महिना देखि कर्णाली प्रदेश मुख्यमन्त्री कार्यालय अगाडी खेती योग्य जमिन, सुरक्षित र एकिकृत आवासको लागि धर्ना दिएर बसेका ३३२ घरपरिवारका ४४० संख्याका वादीहरुसंग धर्ना स्थलमै गएर छलफल गरि अगुवाहरुलाई अभिमुखिकरण कार्यक्रममा सहभागि गराईयो । लगत संकलनको महत्व र जग्गा दिने आयोगका क्षेत्राधिककारबारे छलफल भएकोले उनिहरु वडाबाट भूमिहिनको लगत संकलनमा सहभागि हुने बताएका छन् ।

**७. मुख्य चुनौती :**

- केही जिल्लामा आयोगका पदाधिकारीहरु र धेरै स्थानिय जनप्रतिनिधिहरुमा आयोगको काम बारे अलमल रहेको पाईयो भने थोरै पालिकाहरुमा आयोगको काममा बुझाईकै अस्पष्टताले काम अगाडि बढाउन नसकेको देखियो ।

**८. मुख्य सिकाई :**

- जिल्ला केन्द्रित आयोगको लगत संकलन सम्बन्धी सूचना बजाउन पर्ने,
- स्थायि भाषलाई जोडेर लगत संकलन सम्बन्धी सन्देशमुलक रेडियो सामाग्री बजाउने र इन्फोग्राफहरु वितरण गर्नु पर्ने ।
- संगठनलाई परिचालन प्रभावकारी भएको स्थानीय तहमा लगत संकलनका व्यवहारिक कठिनाई पनि समाधान भएकोले संगठन निर्माण र परिचालनलाई जोड दिनु पर्ने ।

**९. आगामि महिनाको योजना :**

- जिल्ला तहमा भएको भेला र अभिमुखीकरणका क्रममा अनुभव गरिएको स्थानीय परिवेश, कठिनाई र समाधानका उपायबारे संघिय आयोगसंग छलफल ।
- बैतडी जिल्लाको पञ्चेश्वर गाँउपालिकामा गरेका अध्ययनका आधारमा नीति अनुसन्धान प्रतिष्ठानसंग छलफल ।
- स्थानीय सहजीकरण समितिको कार्यबिधको मस्यौदा निर्माण र आयोगसंग सम्वाद ।
- सिरहा र सर्लाहीमा गाउँब्लक जग्गाको पुर्जा बितरण प्रक्रियामा सहयोग ।
- स्थानीयतहको योजना तर्जुमा प्रक्रियामा मञ्चको सहभागिता र जलवायुमैत्री नमुना अभ्यास योजनाबारे पूर्णकालीन कार्यकर्तालाई अभिमुखीकरण र टोल तहको योजना निर्माणमा सहयोग ।
- मञ्चको संस्थागत व्यवस्थापन नीति निर्माण, प्रबिधिमैत्री सूचना प्रणाली, राष्ट्रिय समिति बैठक ।
- भूमि तथा कृषि अधिकार र सामुदायिक भूमि व्यवस्थापन अभ्यास केन्द्रित पालिकाहरुसंग सहकार्यका लागि सम्झौता सम्पन्न गर्ने ।




भूमिहिन दलित, भूमिहिन सुकुम्बासी लगाएतको लगत संकलनकोबारेमा जिल्ल अगुवाहरुको प्रशिक्षण ललितपुरमा




कपिलबस्तु जिल्लाको अभिमुखिकरणमा सहजीकरण गर्दै कार्यक्रम व्यवस्थापक

*सामाजिक न्याय र समुन्नतीको लागि भूमि अधिकार*

# राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

## मासिक प्रगति प्रतिवेदन



स्थानिय जनप्रतिनिधीहरुलाई लगत संकलनको बारेमा अभिमुखिकरण गर्दै कञ्चनपुरको गौरीगंगा नगरपालिकामा



सुदुर पश्चिम प्रदेशको डडेलधुरमा समुदायमा लगत संकलनको बारेमा छलफल गर्दै

केन्द्रीय कार्यालय, भरतपुर, म.न.पा–१ ठिमुरा चितवन/सचिवालय, धापासी–८, काठमाडौँ,
फोन : ०१–६९१४५८६, इमेल : nlrfnepal@yahoo.com

*सामाजिक न्याय र समुन्नतीको लागि भूमि अधिकार*

# राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

## मासिक प्रगति प्रतिवेदन




कपिलबस्तुको अभिमुखिकरणमा जिल्ला आयोग सदस्य सहित अतिथीहरु



अगुवाहरुलाई भूमि सम्बन्धी नीति, कार्यविधी र आयोगको कार्यबारे अभिमुखिकरण गर्दै कञ्चनपुरमा

केन्द्रीय कार्यालय, भरतपुर, म.न.पा–१ ठिमुरा चितवन/सचिवालय, धापासी–८, काठमाडौं,
फोन : ०१–६९१४५८६, इमेल : nlrfnepal@yahoo.com

*सामाजिक न्याय र समुन्नतीको लागि भूमि अधिकार*

# राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

## मासिक प्रगति प्रतिवेदन




जिल्ला आयोगको कामबारे जानकारी दिदै भूमि समस्या समाधान आयोगका अध्यक्ष श्री ऐन बहादुर चन्द, सुर्खेत




लगत संकलनकोबारेमा जिल्ल अगुवाहरुको प्रशिक्षण मकवानपुर जिल्लाामा

केन्द्रीय कार्यालय, भरतपुर, म.न.पा–१ ठिमुरा चितवन/सचिवालय, धापासी–८, काठमाडौं,
फोन : ०१–६९१४५८६, इमेल : nlrfnepal@yahoo.com

*सामाजिक न्याय र समुन्नतीको लागि भूमि अधिकार*

# राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

## मासिक प्रगति प्रतिवेदन




लगत संकलनकोबारेमा जिल्ल अगुवाहरुको प्रशिक्षण सिन्धुली जिल्लाामा



सिमराका समुदायसंगको अन्तर्क्रियामा सहभागि हुदै केयर नेपालको देशिय सहायक निर्देशक श्री मोना शेर्पा

केन्द्रीय कार्यालय, भरतपुर, म.न.पा–१ ठिमुरा चितवन/सचिवालय, धापासी–८, काठमाडौं,
फोन : ०१–६९१४५८६, इमेल : nlrfnepal@yahoo.com



विगतका आयोगले गरेका अधुरा कामको लगत संकलन गरेर जिल्ला आयोगलाई बुझाउँदै कास्की भूमि मञ्च



लगत संकलनमा सहजीकरण गर्दै जिल्ला मञ्चका अगुवाहरु



राजश्व तिरेर पुर्जा लिदै सिराहाको अर्नामा गाँउपालिका वडा नं १ मनोरको गाँउब्लक बासी



सर्लाहीको हरिपुर नगरपालिकामा लगत संकलनमा सहजीकरण गर्दै जिल्ला मञ्चको पूर्णकालिन कार्यकर्ता